# वैतेश्वर राजपत्र

**वैतेश्वर गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड ४) पाङुडाँडा, दोलखा, बागमती प्रदेश, नेपाल असार ४ गते २०७८ (संख्या ३**


## भाग २

## १५ शैयाको वैतेश्वर अस्पताल स्वास्थ्य मापदण्ड सम्बन्धी कार्यविधि, २०७८

**(गाउँ कार्यपालिकाबाट पारित)**

(गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०७८-०३-०३)

**प्रस्तावना** : नेपालको संविधान २०७२ ले स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा परिभाषा गरे बमोजिम सबै नागरिकको पहुँचमा सजिलै सर्वसुलभ र गुणस्तरीय स्वस्थ्य सेवा पाउने जनताको मौलिक हकलाई सुरक्षित गर्न, कुनै पनि नागरिक आकस्मिक स्वास्थ्य सेवा नपाएर ज्यान गुमाउन बाध्य नपरोस भन्ने ध्येयका साथ आमनागरिकहरुलाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनको लागि १५ शैयाको अस्पताल सञ्चालन सम्बन्धी स्वास्थ्य कार्यविधि व्यवस्था गर्न वाञ्छनीय भएकोले, वैतेश्वर गाउँपालिकाको आधारभुत स्वास्थ्य तथा सरसफाई ऐन २०७६ को परिच्छेद ३ दफा ८ को १ अनुसार बैतेश्वर गाउँ कार्यपालिकाले यो अस्पताल संचालन कार्यविधि जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**१५ शैयाको बैतैश्वर अस्पताल स्वास्थ्य मापदण्ड सम्बन्धी कार्यविधि, २०७८**" रहेको छ ।

(२) यो कार्यविधि बैतेश्वर गाउँपालिका भित्र लागू हुनेछ ।

(३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** :- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क)"अनुमति प्रदान गर्ने निकाय" भन्नाले प्रचलित कानूनमा उल्लिखित अनुमति प्रदान गर्ने निकाय सम्झनु पर्छ ।

(ख) "अस्पताल" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित **१५ शैयाको बैतैश्वर अस्पताल** जनाउँछ ।

(ग) "भवन संहिता" भन्नाले भवन ऐन, २०५५ को दफा ३ को उपदफा (२) बमोजिम नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय भवन संहिता सम्झनु पर्छ ।

(घ) "भवन निर्माण मापदण्ड" भन्नाले वैतेश्वर गाँउपालिकाबाट जारी भएको भवन निर्माण सम्बन्धी मापदण्ड तथा प्रचलित कानूनमा व्यवस्था भएको भवन निर्माण मापदण्ड समेतलाई जनाउँछ । (ङ) "गाउँपालिका" भन्नाले बैतेश्वर गाउँपालिका सम्झनु पर्छ ।

**३. स्वास्थ्य सेवा सञ्चालन** : प्रचलित कानूनमा भएको व्यवस्था अनुसार **१५ शैयाको वैतेश्वर** अस्पताल सञ्चालन गरिनेछ ।

(१) अस्पतालले आफ्नो उद्देश्य र क्षमता अनुसार देहायका सेवाको समुचित व्यवस्था गरी स्वास्थ्य सेवा सञ्चालन गर्नेछः-

(क) आकस्मिक सेवा,

(ख) बहिरंग सेवा,

(ग) अन्तरंग सेवा,

(घ) निदानात्मक सेवा (प्रयोगशाला, रेडियो ईमेजिङ आदि),

(ङ) शल्यक्रिया सेवा,

(च) सघन उपचार सेवा,

(छ) प्रवर्दनात्मक तथा प्रतिरोधात्मक सेवा,

(ज) विशेषज्ञसेवा,

(झ) फार्मेसी सेवा,

(ञ) रक्त सञ्चार सेवा,

(ट) फिजियोथेरापी सेवा,

(ठ) शवगृह व्यवस्था,

(ड) अस्पताल व्यवस्थापन,

(ढ) वातावरण व्यवस्थापन,

(ण) अस्पतालबाट निष्काशित फोहरमैला व्यवस्थापन ।

**४. गुणस्तर सुनिश्चितता सम्बन्धी मापदण्ड :** (१) अस्पतालले खण्ड ३ बमोजिमको स्वास्थ्य सेवा सञ्चालन गर्दा देहायको गुणस्तरको सुनिश्चितता गर्नुका साथै देहायमा उल्लिखित मापदण्डहरुको समेत पालना गर्नु पर्नेछ :-

(क) बहिरंग विभागमा आउने बिरामीको चापका आधारमा बिरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु र औषधि कक्षमा छिटो छरितो सेवा दिने व्यवस्था मिलाउनु पर्नेछ ।

(ख) अस्पतालमा विश्व स्वास्थ्य संगठनले निर्धारण गरेका मापदण्ड बमोजिम संक्रमण नियन्त्रण (Infection Prevention) को व्यवस्था हुनु पर्नेछ र सोको नियमित र प्रभावकारी अनुगमन गर्न पर्नेछ ।

(ग) अस्पतालले विभिन्न ईकाईबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरु स्तरीय रुपमा सञ्चालन गर्न कार्यसञ्चालन निर्देशिका (Standard Operating Manual) तयार गरी लागू गर्नु पर्नेछ ।

(घ) अस्पतालले बहिरङ्ग सेवा प्रदान गर्ने बिशेषज्ञ चिकित्सक वा अन्य चिकित्सकहरु उपलब्ध हुने समय तालिका दिन र बार खुल्ने गरी) सबैले देख्ने ठाउँमा राखिएको हुनु पर्नेछ ।

(ङ) अस्पतालले उपलब्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित बिशेषज्ञ चिकित्सकबाटै प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(च) बिरामीले आफूले सेवा लिन चाहेको चिकित्सकबाट सेवा लिन पाउने व्यवस्था सुनिश्चित गर्नु पर्नेछ ।

(छ) बिरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धतिबारे स्पष्ट जानकारी दिने व्यवस्था हुनु पर्नेछ ।

(ज) अस्पताल परिसर तथा सेवा दिने कक्षहरु नियमित रुपमा सफा सुग्घर राखिएको हुनु पर्नेछ ।

(झ) सवैले देख्ने स्थानमा उजुरी पेटिका राखिएको हुनु पर्नेछ ।

(ञ) जनगुनासो व्यवस्थापनका लागि गुनासो सुन्ने अधिकारी तोकी जनगुनासो तथा पर्न आएको उजुरी समाधान गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ । साथै समाधान हुन नसक्ने भएमा सो को कारण सम्बन्धित व्यक्तिलाई जानकारी गराउनु पर्नेछ ।

(ट) बिरामीले संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रकृया तथा अवधि समेत खुलाएको बिरामी बडापत्र (Patient Charter) अस्पतालको अग्र भागमा देखिने गरी राख्नु पर्नेछ र सोही अनुरुप सेवाको सुनिश्चितता गर्नु पर्नेछ ।

(ठ) अस्पतालमा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिन व्यवस्था गरेको हुनु पर्नेछ ।

(ड) सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको सुरक्षाका लागि विभिन्न सरुवा रोग बिरुद्धको खोप तथा व्यक्तिगत सुरक्षा व्यवस्था गरेको हुनु पर्नेछ ।

(ढ) अस्पतालमा कार्यरत कर्मचारीहरुको सेवा शर्त सम्बन्धी विनियम बनाएको हुनु पर्नेछ ।

(ण) अस्पतालले नेपाल सरकारबाट सञ्चालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेको प्रोटोकल/मापदण्ड/निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनु पर्नेछ ।

(त) अस्पतालले चौबीसै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्य कार्यकर्ताबाट आकस्मिक सेवा दिने व्यवस्था मिलाएको हुनु पर्नेछ ।

(थ) अस्पतालमा रहेको आकस्मिक शैया क्षमताको आधारमा चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीको व्यवस्था गरेको हुनु पर्नेछ ।

(द) आकस्मिक विभागवाट बिरामी भर्ना गर्न, रिफर गर्ने बिरामीको रेफरल प्रकृया र बिरामी सार्ने पद्धति स्पष्ट परिभाषित भएको हुनु पर्नेछ ।

(ध) अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, बेवारिसे बिरामीका लागि कुल शैयाको दश प्रतिशत शैया छुट्याई निःशुल्क उपचार उपलब्ध गराउनु पर्नेछ ।

(न) खण्ड (ध) बमोजिम उपलब्ध गराएका उपचार सेवाको अभिलेख राखी गाउँपालिकामा सो को प्रतिवेदन नियमित रुपमा पठाउनु पर्नेछ ।

(प) अस्पताल सञ्चालन गरिने भवन र अन्य पूर्वाधार भवन संहिता र सम्बन्धित क्षेत्रको भवन निर्माण सम्बन्धी मापदण्ड अनुरुप हुनु पर्नेछ ।

(फ) अस्पतालले विपद् व्यवस्थापनको कार्ययोजना बनाएको हुनु पर्नेछ । सो कार्यका लागि सम्पर्क व्यक्ति तोकि सो को जानकारी गाउँपालिकाको कार्यालयमा दिनु पर्नेछ ।

(ब)अस्पतालले सूचना अधिकारी तोक्नु पर्नेछ ।

(२) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तरलाई सुनिश्चितता प्रदान गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गुणस्तर चिन्ह लिन अस्पताललाई प्रोत्साहन गरिनेछ ।

**५. गुणस्तर तथा मापदण्ड अनुगमन सम्बन्धी व्यवस्था :** (१) अस्पतालले आफूले प्रदान गरेको सेवाहरुको यस कार्यविधिमा उल्लिखित मापदण्ड बमोजिमको गुणस्तर भए नभएको सम्बन्धमा

प्रत्येक बर्ष परीक्षण (स्वःमूल्यांकन) गराई सो को प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र गाउँपालिका कार्यालयमा प्रचलित कानुनले तोके बमोजिमको ढाँचामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र प्रतिवेदन पेश नगरे अस्पताललाई सो प्रतिवेदन पेश गर्न गाउँपालिकाले निर्देशन दिन सक्नेछ ।

(३) यस कार्यविधि बमोजिम निरीक्षण तथा अनुगमनका क्रममा दिएको निर्देशन पालना नगरेमा, यस निर्देशिका बमोजिमको गुणस्तर तथा पूर्वाधार मापदण्ड पूरा नगरेमा र गुणस्तर परीक्षणको वार्षिक प्रतिवेदन पेश नगरेमा अस्पताललाई गाउँकार्यपालिकाले अस्पताल बाट प्रदान गरि आएको सेवा पूर्ण वा आंशिकरुपमा तत्काल बन्द गर्न आदेश दिन सक्नेछ ।

(४) अस्पताललाई कारबाही गर्नु पूर्व अस्पताललाई मनासिब माफिकको सफाइ पेश गर्ने मौका दिईनेछ ।

(५) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अन्य प्रचलित कानून बमोजिम गरिने अनुगमनलाई यो व्यवस्थाले सीमित गर्ने छैन ।

**६. अस्पतालको पूर्वाधार सम्बन्धी मापदण्डहरु :** (१) अस्पतालले सेवा सञ्चालन गर्दा देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गरेको हुनु पर्नेछ :-

(क) अस्पताल रहने स्थान धुँवा, धुलो, ध्वनि, जल तथा जमिन प्रदूषणबाट मुक्त भएको ।

(ख) अस्पताल रहने क्षेत्र र हाताभित्र उपयुक्त सुरक्षाको व्यवस्था भएको ।

(ग) अस्पताल स्थापना हुने स्थान सडक यातायातको पहुँच भएको ।

(घ) पानी, बिजुली र सञ्चार सुबिधा उपलब्ध भएको ।

(ङ) सवारी साधन पार्किङका लागि पर्याप्त व्यवस्था भएको ।

(च) अस्पताल परिसरमा स्वस्थकर वातावरणका लागि बृक्षारोपण तथा बगैचाको व्यवस्था भएको ।

(छ) जोखिमपूर्ण फोहर व्यवस्थापनका लागि उपयुक्त प्रविधिको व्यवस्था गर्नुका साथै फोहरमैला व्यवस्थापन ऐन २०६८, फोहरमैला व्यवस्थापन नियमावली २०७० र वैतेश्वर गाँउपालिको सरसफाई ऐन बमोजिम फोहर व्यवस्थापनका लागि आवश्यक पूर्वाधार व्यवस्था मिलाएको ।

(२) आकस्मिक सेवाका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनु पर्नेछ :-

(क) कुल शैया क्षमताको कम्तिमा दश प्रतिशतका दरले आकस्मिक कक्षमा शैयाहरू उपलब्ध हुनु पर्नेछ। आकस्मिक सेवाका लागि छुट्याएको शैयालाई देहाय अनुरुप वर्गीकरण गरी सेवा दिने व्यवस्था मिलाउनु पर्नेछ :-

(१) Red (R)= अति सिकिस्त बिरामीको सेवा दिने शैया बराबर एक प्रतिशत,

(२) Yellow (Y)= सिकिस्त बिरामीको सेवा दिने शैया बराबर दुई प्रतिशत,

(३) Green (G) = सामान्य बिरामीको सेवा दिने शैया बराबर तीन प्रतिशत,

(४) Black (B) =मृत्यु भईसकेका बिरामीलाई राख्न शैया बराबर एक प्रतिशत,

(५) Observation Room/Bed बराबर तीन प्रतिशत,

(ख) आकस्मिक कक्ष सञ्चालन गर्दा अल्ट्रासाउण्ड, एक्सरे इमेजिङ सेवा, प्रयोगशाला, ओ.पी.डी., ओ.टी. तथा अन्य वार्डहरूमा समेत सजिलै बिरामी ल्याउन लैजान सकिने व्हिलचियर /ट्रली, स्टेचर) गरी सञ्चालनमा ल्याएको हनु पर्नेछ ।

(ग) आकस्मिक कक्षमा प्रतिक्षालय, शौचालय, ट्रायज (Triage Room)चेन्जिङ्ग रुम, Medico-legal Case जस्तै Rape victim आदिको लागि गोपनियता सुनिश्चित हुने कोठाको समेत व्यवस्था भएको हुनु पर्नेछ ।

(घ) चौबीसै घण्टा आकस्मिक सेवा दिने व्यवस्था मिलाएको हुनु पर्नेछ ।

(ङ) अस्पतालमा आकस्मिक सेवाका लागि दक्ष स्वास्थ्यकर्मी चौबीसै घण्टा र चिकित्सक अनकल (on call)मा उपलब्ध हुने व्यवस्था हनु पर्नेछ ।

(च) आकस्मिक विभागवाट बिरामी भर्ना गर्न, रिफर गर्ने बिरामीको रेफरल प्रकृया तथा बिरामी सार्ने पद्धति स्पष्टरुपमा परिभाषित रहेको हुनु पर्नेछ ।

(छ) प्रकोपजन्य रोगहरु, प्राकृतिक प्रकोप जस्ता पक्षहरुलाई बिचार गरी आकस्मिक उपचार सेवाका लागि संस्थाले विपत-व्यवस्थापन योजना बनाएको हुनु पर्नेछ ।

(ज)आकस्मिक सेवामा काम गर्ने जनशक्ति कम्तिमा Basic Life Support (BLS)/Primary Trauma Care (PTC)/Advance Cardiac Life Support (ACLS)/ Advance Trauma Life Support (ATLS)आदि सम्बन्धी तालिम लिएको हुनु पर्नेछ ।

(३) बहिरंग विभागका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनु पर्नेछ :- (क) अस्पतालबाट प्रदान हुने प्रत्येक विशेषज्ञ सेवाका लागि ओ.पी.डी. कक्षको व्यवस्था मिलाएको ।

(ख) अस्पतालका लागि सामान्यतया सामान्य चिकित्सा, वालरोग, सामान्य शल्यक्रिया, स्त्री तथा प्रसुती सेवा हुनुपर्ने तथा पूर्वाधार पूरा गरी हाड जोर्नी, नाक कान घाँटी, छाला तथा यौनरोग, आँखा, दन्त सेवा जस्ता सेवाको लागि स्वेच्छिक रुपमा सञ्चालन गर्न सक्ने ।

(ग) उपलब्ध भएका चिकित्सकहरु मध्ये सेवाग्राहीले उपलब्ध भएसम्म रोजेको चिकित्सकसँग परीक्षण गर्न पाउने व्यवस्था भएको ।

(४) अन्तरंग विभागका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनु पर्नेछ :-

(क) अस्पतालमा शल्यक्रिया पश्चात पनि बिरामीको अवस्था स्थिर नभएसम्म उक्त शल्यक्रिया गर्ने समूह तथा सर्जन चिकित्सक र एनेस्थेसियोलोजिष्ट अस्पतालमा रहिरहनु पर्ने र तत्पश्चात पनि सर्जरीको प्रकृति हेरी आवश्यक परेको खण्डमा तत्काल उपलब्ध हुने व्यवस्था मिलाउनु पर्ने ।

(ख) नर्सिङ्ग ड्यूटी स्टेशनबाट प्रत्येक बिरामीको प्रत्यक्ष निगरानी हुने व्यवस्था गर्नु पर्ने । उक्त सुविधा नभएमा प्रत्येक बिरामीको शैयामा कल बेल राख्नु पर्ने ।

(५) एलाईड हेल्थ तथा निदानात्मक सेवाका लाीग देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेकोहुनु पर्नेछ :-

(क) प्रत्येक किसिमका परीक्षणको लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला नीति अनुरुपको प्रयोगशालाको व्यवस्था भएको हुनु पर्ने ।

(ख) रेडियो डाइग्नोसिस, अल्ट्रासाउण्ड, एक्सरे फिल्म लोडिङ, अनलोडिङ तथा प्रोसेसिङ लगायतका इमेजिङ सेवा कक्षहरू ओ.पी.डी., ओ.टी. तथा वार्डहरूलाई समेत सजिलै बिरामी ल्याउन लैजान सकिने (व्हीलचेयर/ट्रली, स्टेचर) गरी संचालनमा ल्याएको हनुपर्ने ।

(ग) यस्ता सेवा प्रदान गरिने कोठाहरूमा प्रतिक्षालय, शौचालय, चेन्जिङ रुमको समेत व्यवस्था भएको हुनु पर्ने ।

(६) अस्पतालमा सेवाको प्रकार हेरी पाँचदेखि दश प्रतिशत सघन उपचार सेवाका High dependency Unit/ आई. सि. यु. शैयाहरु रहनु पर्नेछ ।

(७) अस्पतालमा पोषण, खोप, आमा र वच्चाको स्वास्थ्य, परिवार नियोजन जस्ता सेवाहरुको नेपाल सरकारको नीति बमोजिम प्रवर्द्धनात्मक तथा प्रतिरोधात्मक सेवा उपलब्ध हुनु पर्नेछ ।

(८) अस्पतालमा कम्तीमा वच्चा तथा आमाको लागि विशेषज्ञ सेवा उपलब्ध गराउनु पर्नेछ ।

(९) औषधि पसल (Pharmacy) का लागि देहाय बमोजिमको पूर्वाधार मापदण्ड पुरा गरेको हुनु पर्नेछ :-

(क) अस्पताल हाता भित्र औषधि पसलको व्यवस्था बैतेश्वर गाउँपालिका अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७७ बमोजिम गर्नु पर्नेछ।

(ख) चौबिसै घण्टा फार्मेसी सञ्चालनका लागि फार्मेसी विषय अध्ययन गरेको दक्ष जनशक्तिको व्यवस्था हुनु पर्नेछ।

(ग) फार्मेसी कक्षमा औषधिको गुणस्तरमा ह्रास नहुने गरी सुरक्षित भण्डारण गर्ने व्यवस्था मिलाउनु पर्ने। साथै ताप संवेदनशील औषधि तथा भ्याक्सिनको भण्डारण तोकिएको तापक्रममा भण्डारण हुनुपर्ने।

(घ) उपचारमा प्रयोग गरिने लागू औषधिहरु (Narcotic drugs) लागू औषध (नियन्त्रण) ऐन, २०३३ बमाजिम अस्पतालले चिकित्सकको लिखित प्रेस्क्रीप्सन अनुसार मात्र वितरण गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ। साथै औषधिको आम्दानी तथा वितरणको अभिलेख राख्नु पर्नेछ।

(ङ) म्याद नाघेका औषधिहरु नियमित रुपमा नेपाल स्वास्थ्य अनुसन्धान परिषदको Hospital Waste Management Guideline मा उल्लेख भएकोमा सोही बमोजिम र नभएको खण्डमा विश्व स्वास्थ्य संगठनको निर्देशिका बमोजिमको विधि अपनाई नष्ट गर्नु पर्नेछ।

(च) आकस्मिक सेवाका लागि चाहिने आवश्यक औषधिहरु चौबिसै घण्टा उपलब्ध हुने ब्यवस्था हुनुपर्ने छ।

(छ) अस्पतालले बाह्य व्यक्ति वा संस्थालाई फार्मेसी सेवा संचालन गर्न दिएको अवस्थामा सो व्यक्ति वा संस्थाले पनि अस्पतालले पालना गर्नुपर्ने माथि उल्लेख भएका सम्पूर्ण शर्तहरु अनिवार्य रुपमा पालना गर्ने व्यवस्था मिलाएको हुनु पर्ने।

(ज) औषधीको खुद्रा मूल्यमा छुटको व्यवस्था भएमा सबैले देख्ने गरी सूचना टाँस गर्नुपर्नेछ।

(झ) भवन संहितामा उल्लेखित मापदण्ड अनुरुप औषधि पसल सञ्चालन हुने भवन निर्माण भएको हुनु पर्ने।

(१०) रक्त सञ्चार सेवा (Blood Bank) का लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनु पर्नेछ :-

(क) अस्पताल हातामा ब्लड बैंकको व्यवस्था भएको हुनुपर्ने। सो नभएमा बिरामीको लागि आवश्यक पर्ने ब्लड उपलब्ध हुने गरी व्यवस्था मिलाइएको हुनु पर्ने।

(ख) ब्लड बैंकको सम्बन्धमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला नीति अनुरुपको व्यवस्था भएको हुनु पर्ने।

(११) अस्पतालमा रहेका बिरामी तथा अन्य सेवाग्राहीलाई असहज नहुने गरी अलग्गै चिस्यान कक्ष वा शवगृहको व्यवस्था भएको हनु पर्नेछ।

(१२) अस्पताल व्यवस्थापन (Hospital Management) का लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गरेको हुनु पर्नेछ :-

(क) सोधपुछ तथा गुनासो सुनुवाई कक्ष :

(१) सेवाग्राहीहरूको सुविधाको लागि आवश्यक कर्मचारी सहितको सोधपूछ कक्षको व्यवस्था हुनुपर्ने।

(२) अस्पतालले प्रदान गर्ने सेवाका विषयमा सेवाग्राहीको गुनासो सुनुवाइ गर्ने उचित प्रवन्ध मिलाइएको हुनु पर्ने।

(ख) सूचना संप्रेषण :

(१) अस्पतालभित्र प्रभावकारी सूचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोन कल (Intercom) को व्यवस्थाका साथै आवश्यक आधुनिक संयन्त्रको समुचित प्रयोग हुनुपर्ने। (
२) अस्पतालहरुमा सार्वजनिक संचार सेवाको व्यवस्था हुनुपर्ने।
(३) प्रहरी, एम्बुलेन्स, दमकल जस्ता सेवा लगायतका आकस्मिक सेवाका टेलिफोन नम्बरहरु स्पष्ट देखिने गरी राख्नु पर्ने।
(ग) पानी वितरण :
(१) अस्पतालमा बिरामी र अन्य व्यक्तिहरुका लागि चौबीसै घण्टा शुद्ध पानी विश्व स्वास्थ्य संघले तोके अनुरुपको आपूर्ति हुनु पर्ने।
(२) अस्पतालद्वारा वितरण हुने पानीको गुणस्तर परिक्षण ४/४ महिनामा गराई अभिलेख राखिएको हुनुपर्ने। बहिरंग, नर्सिङ्ग कक्ष, अन्तरंग, अपरेशन थिएटर र आपतकालीन कक्षहरुमा पानी व्यवस्था हुनु पर्ने।
(घ) विद्युत आपूर्ति : (१) अस्पताल क्षेत्रभित्र र सबै विभागहरूमा चौबीसै घण्टा विद्युत आपूर्ति हुने व्यवस्था मिलाएको हुनुपर्ने। साथै लोडसेडिङको समयमा विद्युत आपूर्ति गर्न अटोमेटिक ब्याकअप सिष्टम स्थापना गरेको हुनुपर्ने।
(२) ओ.टी., आई.सि.यू., सि.सि.यू., इमर्जेन्सी कक्ष लगायतका संवेदनशील कक्षहरूमा आपतकालीन विद्युत व्याक-अप सिष्टम राखेको हुनुपर्ने।
(ङ) सरसफाई तथा शौचालय व्यवस्था :
(१) अस्पतालको सम्पूर्ण क्षेत्र सधैं सफा राख्नु पर्नेछ।
(२) अस्पतालमा देहाय बमोजिमको सेवा दिइने कक्षहरु वा क्लिनिकमा शौचालयको व्यवस्था हुनु पर्नेछः-
(क) आकस्मिक कक्ष
(ख) लेवर रुम
(ग) प्याथोलोजी सेवा
(घ) बहिरंग विभाग (आवश्यकता अनुसार महिला र पुरुषका लागि अलग अलग )
(ङ) प्रति छ बेडको जनरल सेवामा एक
(च) महिला तथा अपाङगका लागि अलगै
(छ) क्याविन तथा डबल रुमका लागि (एटेच भएको)
(ज) डाक्टर तथा स्टाफका लागि (आवश्यकतानुसार)
(३) अस्पताल हाताभित्र सेवाग्राही तथा सेवाप्रदायकका लागि पर्याप्त पानी र साबुन सहितको शौचालयको व्यवस्था हुनु पर्नेछ।
(४) शौचालय सधै सफा राख्ने व्यवस्था गरेको हुनु पर्नेछ।
(५) मर्मत सम्भार व्यवस्था :
(क) अस्पतालले प्रयोग गने उपकरण तथा औजारहरू समयमानै मर्मतको व्यवस्था हुनु पर्नेछ। साथै ठूला र गम्भीर प्रकृतीका औजार उपकरणहरुको कम्पनीले निर्दिष्ट गरेको मर्मत अवधि अनुसार मर्मत सम्भार कार्ययोजना बनाई सोही अनुसार मर्मत गरेको हुनु पर्नेछ।
(ख) अस्पतालको भवन, सवारी साधन, मेसिनरी औजार, यन्त्र, उपकरण, विद्युतीय उपकरण र अन्य विद्युतीय उपकरणहरूको नियमित मर्मत संभार गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ।
(६) बिरामी कुरुवालाई सुविधा : अस्पतालको वार्ड तथा अन्य उपचार दिने स्थानमा आवश्यकता अनुसार बिरामीको साथमा रहने एक जना कुरुवालाई बस्न सक्ने प्रवन्ध हुनु पर्नेछ।

(७) क्यान्टिन सुविधा : अस्पताल हाता भित्र खाना पकाउने (Kitchen) र खाना खाने (Dining) अलग-अलग ठाउँ सहितको सफा र सुविधायुक्त क्यान्टिनको व्यवस्था भएको हुनु पर्नेछ ।

(८) लण्ड्री व्यबस्था : (क) अस्पतालमा प्रयोग हुने एप्रोन, पन्जा, टोपी, जुत्ता, तन्ना, तकिया, खोल, रुमाल जस्ता लुगा कपडा धुनको लागि लण्ड्रीको व्यवस्था भएको हुनु पर्ने ।

(ख) अस्पताल भर्ना भएका बिरामीको लुगा धुने सुविधाको व्यवस्था भएको हुनु पर्ने ।

(९) भण्डार (Store) व्यवस्था : (क) आपत्कालीन अवस्थामा प्रयोग हुने सामग्रीहरूको अलग्गै भण्डार कक्ष हुनुपर्ने । यस्तो भण्डारमा कम्तिमा एक महिनाको लागि अत्यावश्यक सामग्री स्टक राख्ने व्यवस्था हुनुपर्ने । (ख) अस्पतालको लागि आवश्यक लत्ताकपडा, सरसफाइ सामग्री, औजार, उपकरण तथा औषधिको न्यूनतम मौज्दात रहनु पर्ने र सो सामग्रीहरुको उपयुक्त भण्डारणको ( Refrigerator, Ventilation, A/C आदि)व्यवस्था गरेको हुनु पर्ने ।

(१०) सुरक्षा व्यवस्था : (क) अस्पतालमा सुरक्षा व्यवस्था मिलाउन सुरक्षा गार्डको व्यवस्था भएको हनुपर्ने । (ख) आपत्कालीन अवस्थाको लागि तत्काल सेवा प्रदान गर्न राज्यका सुरक्षा निकायसँग समन्वय कायम गर्ने
व्यवस्था मिलाएको हुनुपर्ने ।

११) एम्बुलेन्स सञ्चालन : अस्पतालमा मेडिकल एटेण्डेण्ट सहितको १ वटा एम्बुलेन्स अनिवार्य हनुपर्ने र अस्पतालले त्यस्ता मेडिकल एटेण्डेण्टलाई Basic Emergency Medicine Training दिने व्यवस्था मिलाउनुका साथै एम्वुलेन्स सञ्चालन सम्बन्धि कार्यविधि २०७७ बमोजिम एम्वुलेन्स सेवा संचालन गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ ।

(१२) यातायातको व्यवस्था :अस्पताललले कम्तिमा रात्रीकालिन समयमा काम गर्ने कर्मचारीलाई आउन जान यातायातको व्यवस्था मिलाउनु पर्नेछ ।

(१३) स्थान तथा जग्गा पूर्वाधार : (क) अस्पताल रहने स्थान (Location) : अस्पताल रहने स्थान वडा नं. ५ स्थित वडा रहेको स्थान नजीक अस्पताल सञ्चालन गरिनेछ । अस्पताल सञ्चालनको लागि आवश्यक भवन तथा भौतिक संरचना स्वास्थ्य चौकी, वडा कार्यालय र आवश्यकता अनुसार अन्य संरचनाहरुको प्रयोग गरिनेछ ।

(ख) अस्पताल सञ्चालनको लागि आफ्नै स्वामित्वको पर्याप्त जग्गा हुनु पर्नेछ ।

(१४) अस्पतालको भवन(Building):

(क) अस्पताल सेवा सञ्चालन गरिने भवनको नक्सा र डिजाइन भवन ऐन, २०५५ को दफा ११ मा भएको व्यवस्था अनुरुप स्वीकृत भएको हुनु पर्नेछ । भवन संहिता तथा सम्बन्धित गाउँपालिकाले जारी गरेको मापदण्ड बमोजिम भवन निर्माण भएको हुनु पर्नेछ ।

(ख) भवनमासर्वसाधारणको जानकारीका लागि Disaster Management Planतयार गरी सुरक्षा सम्बन्धी संकेत चिन्हहरु उपयुक्त स्थानमा प्रस्ट देखिने गरी राखिएको हुनु पर्नेछ ।

(ग) अस्पतालको कोठाहरु उपयुक्त भेन्टीलेसन वा वातानुकुलित यन्त्र राखिएको हुनु पर्नेछ ।

(घ) अस्पतालमा प्रशासनिक कार्यालय, ओ.पी.डी., प्रयोगशाला, वार्ड, फार्मेसी, क्यान्टिनको व्यवस्था हुनुपर्नेछ ।

(ङ) अस्पतालमा व्हिलचेयर तथा ट्रलिको सहज आवागमनको व्यवस्थाका लागि लिफ्ट/ऱ्याम्पको व्यवस्था भएको हुनुपर्नेछ ।

(च) प्रतिक्षालयमा आवश्यकतानुसार बस्ने कुर्सीको व्यवस्था हुनुपर्ने र सूचना-पाटी, टेलिभिजन, पत्रपत्रिका लगायतका माध्यमबाट सूचना प्रदान गर्ने व्यवस्था मिलाएको हुनुपर्नेछ ।

(छ) अस्पतालको कुल निर्माण क्षेत्रफल, प्रति शैया ५५ वर्ग मीटरका दरले हुनु पर्नेछ। उक्त क्षेत्र भित्र सोधपुछ, दर्ता कक्ष, प्रतिक्षालय, प्रवेशद्वार सहितको हलको क्षेत्र समावेश भएको हुनुपर्नेछ। सो बाहेक भान्सा घर, लुगाधुने कोठा, जेनरेटर कक्ष, कर्मचारी आवास तथा भण्डारकक्ष, मर्मत सम्भार कक्ष आदिका लागि थप व्यवस्था गरेको हुनु पर्नेछ ।

(ज) बहिरंग विभागको प्रत्येक कोठाको क्षेत्रफल कम्तिमा चौध वर्ग मीटर हुनु पर्नेछ । शौचालय, प्रतिक्षालय, बिशेषज्ञको सहयोगी रहने कक्षका लागि पर्याप्त स्थान हुनु पर्नेछ ।

(झ) बिरामीको चापको अनुपातमा पर्याप्त र सुविधाजनक हुने गरी फर्निचर सहितको प्रतिक्षालयको व्यवस्था भएको हनुपर्नेछ ।

(ञ) अस्पताल भित्र प्रवेश गर्ने र बाहिर निस्कने अलग-अलग प्रवेश द्वार र बहिर्गमन द्वार हुनुपर्नेछ ।

(ट) आपतकालीन सेवाका लागि प्रयोग हुने सवारी साधनहरू अस्पतालको आपतकालीन कक्ष र अन्य अत्यावश्क ठाउँमा सहज रुपमा जान सक्ने गरी अलग्गै बाटो र गेटको व्यवस्था गरेको हुनुपर्नेछ ।

(ठ) सेवाग्राही र अस्पताल कर्मचारीहरूले प्रयोग गर्ने सवारी साधन र एम्बुलेन्स दमकल जस्ता सवारी साधनका लागि पार्किङ्गको व्यवस्था हुनुपर्नेछ। न्यूनतम पार्किङ कूल जग्गाको पच्चीस प्रतिशत वा प्रति तीन शैयाका लागि एउटा कार पार्किङ गर्न मिल्ने स्थल मध्ये जुन बढी हुन्छ सोही अनुसार हुनुपर्नेछ।

(ड) अस्पताल जेष्ठ नागरिक, बालबालिका तथा अपांगमैत्री हुनु पर्नेछ ।

(ढ) व्हिलचेयर, ट्रलि, स्ट्रेचरको पर्याप्त व्यवस्था हुनुपर्ने र यस्ता सामग्री राख्ने ठाउँ र चलाउन सकिने पर्याप्त ठाँउ र चलाउने मानिसको समेत व्यवस्था भएको हनु पर्नेछ ।

(१५) वातावरण व्यवस्थापनका लागि देहाय बमोजिमको मापदण्ड पुरा गरेको हुनु पर्नेछ :-

(क) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन गर्दा फोहरमैला व्यवस्थापनको सम्बन्धमा आवश्यक ध्यान दिनु पर्नेछ ।

(ख) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकनमा प्रस्ताव भए बमोजिम कार्यान्वयन गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ ।

(१६) फोहरमैला व्यवस्थापनका लागि देहाय बमोजिको वूर्वाधार मापदण्ड पूरा गरेको हुनु पर्नेछः-

(क) अस्पतालबाट निस्काशित फोहरमैलाको व्यवस्थापन फोहरमैला व्यवस्थापन ऐन, २०६८ र फोहरमैला व्यवस्थापन नियमावली, २०७० र वैतेश्वर गाउँपालिकाको पूर्ण सरसफाई मार्गदर्शन, २०७५ ले तोके बमोजिम हुनुपर्ने ।

(ख) अस्पतालबाट निस्कासन हुने सामान्य तथा चिकित्साजन्य फोहोरमैला प्रकृति अनुसार स्रोतमै अलग अलग छुटयाउने, संकलन ढुवानी तथा उचित विसर्जन गर्ने व्यवस्था मिलाउनु पर्ने ।

(ग) अस्पतालबाट सृजित संक्रमणजन्य फोहरलाई निःसंक्रमण गरेर अन्तिम व्यवस्थापन गर्नुपर्ने ।

(घ) अस्पतालमा मर्करीयुक्त उपकरणको सट्टा डिजीटल प्रविधियुक्त उपकरण प्रयोग गुर्न पर्नेछ ।

**७.जनशक्ति सम्बन्धी विस्तृत विवरण :**अस्पतालले देहायमा उल्लिखित जनशक्ति भन्दा कम नहुने गरी जनशक्तिको व्यवस्था गर्नु पर्नेछ :-

| **क्र.स** | **सेवा/समूह** | **पद/नाम** | **संख्या** | **कैफियत** |
|---|---|---|---|---|
| १ | स्वास्थ्य/जनरल हेल्थ फिजिसियन नवौं | फिजिसियन | १ | |
| २ | स्वास्थ्य/ सर्जन नवौं | सर्जन | १ | |
| ३ | स्वास्थ्य/ नवौं | बालरोग विशेषज्ञ | १ | |
| ४ | स्वास्थ्य/अवस्ट्रेटिक तथा गाइनोकल्जो नवौं | स्त्रीरोग विशेषज्ञ | १ | |

| | | | | |
|---|---|---|---|---|
| ५ | स्वास्थ्य/नवौं | हाड तथा जोर्नि विशेषज्ञ | १ | |
| ६ | स्वास्थ्य/नवौं | यौन तथा छाला रोग विशेषज्ञ | १ | |
| ७ | स्वास्थ्य/नवौं | मुटुरोग विशेषज्ञ | १ | |
| ८ | स्वास्थ्य/नवौं | स्नायुरोग विशेषज्ञ | १ | |
| ९ | स्वास्थ्य/नवौं | मानसिक रोग विशेषज्ञ | १ | |
| १० | स्वास्थ्य/नवौं | एम.डि.जी.पी. | १ | |
| ११ | स्वास्थ्य/नवौं | नाक, कान, घाँटी सर्जन | १ | |
| १२ | स्वास्थ्य/ नेफ्रोलोजि नवौं | नेफ्रोलोजिष्ट | १ | |
| १३ | स्वास्थ्य/जनरल हेल्थ सर्भिसेज आठौं/नवौं | मे.सु.निर्देशक | १ | |
| १४ | स्वास्थ्य/आठौं | डेन्टल बि.डि.एस. | १ | |
| १५ | स्वास्थ्य/जनरल हेल्थ सर्भिसेज आठौं | मेडिकल अधिकृत (एम.बी.बी.एस.) | ४ | |
| १६ | स्वास्थ्य /आठौं | प्याथोलोजिष्ट/बायोकेमिष्ट/मार्यक्रोबायो लोजिष्ट | १ | |
| १७ | स्वास्थ्य /आठौं | मेडिकल टेक्नोलोजिष्ट | १ | |
| १८ | स्वास्थ्य /मेडिकल ल्याव टेक्नोलोजी सातौं | ल्याव टेक्नोलोजिष्ट | १ | |
| १९ | स्वास्थ्य/जनरल नर्सिङ छैठौं/सातौं | मेट्रोन | १ | |
| २० | स्वास्थ्य/पाँचौं | एनेस्थेटिक | १ | |
| २१ | स्वास्थ्य पाँचौं | सहायक मेट्रोन | १ | |
| २२ | स्वास्थ्य पाँचौं | सिष्टर बि.एन. | १ | |
| २३ | स्वास्थ्य/पब्लिक हेल्थ नर्सिङ्ग पाँचौं | स्टाफ नर्स | ५ | |
| २४ | स्वास्थ्य/पाँचौ | हे.अ/सिहेअ | ५ | |
| २५ | प्रसासन / पाँचौं | अस्पताल प्रशासक | १ | |
| २६ | प्रशासन/सहायक पाँचौं | स्टोर किपर | १ | |
| २७ | स्वास्थ्य/फार्मेसी पाँचौं | फर्मासिष्ट फार्मेसी सहायक | ३ | |
| २८ | स्वास्थ्य/रेडियोलोजि पाँचौं | रेडियोलोजिष्ट | १ | |
| २९ | स्वास्थ्य/रेडियोग्राफी पाँचौं | रेडियोग्राफी टेक्नोलोजिष्ट / रेडियोग्राफी अधिकृत / वरिष्ठ रेडियो ग्राफर | १ | |
| ३० | स्वास्थ्य/ फिजियोथेरापिष्ट पाँचौं | फिजियोथेरापिष्ट | १ | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | स्वास्थ्य/मेडिकल रेकर्डस चौथो/पाँचौ | मेडिकल रेकर्डर | १ | |
| ३२ | स्वास्थ्य /चौथो/पाँचौं | इसिजी टेक्निसियन | १ | |
| ३३ | स्वास्थ्य/डन्टिस्ट्री चौथो | दन्त सहायक | १ | |
| ३४ | स्वास्थ्य/ अप्थल्मोलोजि चौथो | अप्थल्मोलोजिष्ट | १ | |
| ३५ | स्वास्थ्य /मेडिकल ल्याव टेक्नोलोजी चौथो | ल्याव असिस्टेन्ट | १ | |
| ३६ | स्वास्थ्य/हेल्थ इन्स्पेक्सन चौथो | अ.हे.व | ३ | |
| ३७ | स्वास्थ्य/पब्लिक हेल्थ नर्सिङ्ग चौथो | अनमी | ५ | |
| ३८ | प्रशासन/चौथो | सहलेखापाल | १ | |
| ३९ | प्रशासन/चौथो | रिसेप्सेनिष्ट | १ | |
| ४० | स्वास्थ्य/चौथो/पाँचौं | ईमर्जेन्सी प्यारामेडिक्स | १ | |
| ४१ | स्वास्थ्य/चौथो | ईमर्जेन्सी नर्स | १ | |
| ४२ | श्रेणी विहिन | का.स/सुरक्षा गार्ड /हाउस किपर | १३ | |
| | कुल जम्मा | | ७३ | |

**८. औजार तथा उपकरण** : (१) १५ शैयाको अस्पताल सञ्चालनको लागि आवश्यक औजार तथा उपकरण प्रचलित संघीय तथा प्रदेश कानूनमा उल्लेख भए बमोजिम हुनेछ र सोही अनुसार औजार तथा उपकरणको व्यवस्था गर्नुपर्नेछ ।

(२) अस्पतालमा रहने न्यूनतम प्रयोगशाला तथा उपकरणहरुको हकमा देहायकमा उल्लेख भए बमोजिम व्यवस्था गर्नुपर्नेछ :-

(क)प्रयोगशालामा औजार तथा उपकरणहरु(Laboratory Instruments):

| S.N | Name of Instruments | Unit | Quantity |
|---|---|---|---|
| 1 | Miscroscope | Pcs | 1-3 |
| 2 | Semi Auto Alalyzer (Bio Chemistry) | Set | 1 |
| 3 | Inscubator set | Set | 1 |
| 4 | Chemical Balance | Set | 1 |
| 5 | Electrolyte Analyzer | Set | 1 |
| 6 | Colorimeter | Set | 1-3 |
| 7 | Hot air Oven | Set | 1 |
| 8 | Autoclave | Set | 1 |
| 9 | Refrigerator | Set | 1-2 |

| | | | |
|---|---|---|---|
| 10 | Blood Cell counter (18 parameters or above) | Pcs | 1 |
| 11 | Generator | Set | 1 |
| 12 | Centrofuge | Pcs | 2 |
| 13 | Counting Chamber | Pcs | 1-2 |
| 14 | DLC counter | Pcs | 1-2 |
| 15 | Incinerator | Set | 1 |
| 16 | Computer with Printer | Set | 1 |

(ख) Imaging Eqipments:

| S.N | Name of instruments | Quantity |
|---|---|---|
| 1 | 300 ma X-ray Machine | 1 |
| 2 | 100 ma X-ray Machine | 1 |
| 3 | 100 ma X-ray Machine(Mobile) | 1 |
| 4 | Dry View Processor(CR System) | स्वैच्छिक |
| 5 | Dental X-ray Machine | स्वैच्छिक |
| 6 | Ultra Sound machine with color droppler and guided biospy | 1 |
| 7 | ECG Machine | स्वैच्छिक |

(३) कोषमा अस्पताल सञ्चालनको लागि संघीय सरकार, प्रदेश सरकार, गाउँपालिका एवम् अन्य जुनसकै स्रोतबाट कानून बमोजिम प्राप्त रकमहरु जम्मा हुनेछन् ।
(४) खण्ड (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि अस्पताल सञ्चालनको क्रममा विभिन्न सेवा शुल्क र दस्तुर वापत अस्पतालमा प्राप्त आम्दानी अस्पतालको संचित कोषमा मासिक रुपमा जम्मा गर्नुपर्नेछ ।

**९.सेवा शुल्क निर्धारण सम्बन्धी व्यवस्थाः** (१) सर्वसाधारणलाई उचित मूल्यमा गुणस्तरीय स्वास्थ्य सेवा पुर्याउने प्रयोजनको लागि अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तरको आधारमा अस्पतालले लिन सक्ने सेवा शुल्क प्रचलित कानूनमा तोकिएको अवस्थामा सोही बमोजिम र नतोकेको अवस्थामा गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

**१०. पूर्ण सरकारी हुने :** (१) बैतेश्वर अस्पताल पूर्ण सरकारी अस्पताल हुनेछ ।

**११. कार्यविधिमा हेरफेर तथा संशोधन** : वैतेश्वर गाउँपालिकाले उल्लेखित कार्यविधिमा आवश्यकता अनुसार हेरफेर तथा संशोधन गर्न सक्नेछ ।

**१२. व्याख्या गर्ने अधिकार** : यस कार्यविधिमा उल्लिखित मापदण्डको कुनै प्रावधानको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयनमा वाधा आई परेमा वैतेश्वर गाउँपालिकाले सो मापदण्डको व्याख्या गर्नेछ ।

**१३. स्वतः अमान्य हुने** : यस कार्यविधिमा लेखिएको कुनै कुरा प्रचलित नेपाल कानूनको कुनै व्यवस्थासँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

आज्ञाले

गणेश राम पोखरेल

प्रमुख प्रशासकीय अधिकृत